Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81970
Research Article
ISSN: 3021-9035 Print

# नेपाली किसानका समस्याको समाजशास्त्रीय अध्ययन

**भैरवराज रेग्मी**
*bhairabrajregmi@gmail.com*

## लेखसार

मानवअधिकारले व्यापक अर्थ समेट्छ। त्यसभित्र किसानको अधिकार पनि पर्छ। किसान अधिकार भनेको उनीहरूको सबै अधिकार हो अर्थात् जमिन, जल, जङ्गल, त्यसमार्फत किसानको कृषि उत्पादन र कृषि उत्पादनको वितरण (बजारीकरण) माथि कृषि उत्पादन गर्ने किसानको सम्पूर्ण अधिकार हो । मानवअधिकारले व्यक्तिको निजी अधिकारको मात्र परिभाषा गर्दछ; तर किसान अधिकारले यसको उत्पादनदेखि वितरणसम्म मुख्यतः कृषिश्रमको अधिकारसमेत समेट्नुपर्छ। मानवअधिकारको परिभाषाले मात्र किसानलाई प्राथमिकतामा राख्दैन, त्यसको समस्या र समाधानको विषय उठान गर्नु, चर्चा गर्नु, किसानको जीवन, कृषि उत्पादनसँगको सम्बन्ध (दुःख, पीडा, सुख आदि) का विषयमा लेख्नु, विवेचना गर्नु, कथा, निबन्ध, उपन्यास कोर्नु, उनीहरूको मुक्तिको बाटो पनि देखाउनु किसान साहित्यभित्र पर्दछ। कृषिसँग सम्बन्धित वैज्ञानिक अनुसन्धान, अर्थशास्त्र र कृषिराजनीतिको विषयमा धेरै अध्ययन र अनुसन्धान भएका छन्। बिहान उठ्नेबित्तिकै पेटमा राख्ने पदार्थ कृषि उत्पादन नै हुन्छ। कृषि उत्पादन विना मानव जीवनको कुनै अस्तित्व छैन। प्राथमिकतामा हावा र पानीपछि कृषि उत्पादन नै आउँछ । त्यसका बाबजुद किसान र कृषि उत्पादनको विषय हाम्रो समाजमा मूल संस्कृति बन्न सकेन र बनेको पनि छैन । हाम्रोजस्तो पिछडिएको देशमा मात्र होइन, विकसित पुँजीवादी देशमा पनि कृषिक्षेत्रको साहित्यलाई प्राथमिक महत्त्वका साथ उठाउनु आजको आवश्यकता हो।

## शब्दकुञ्जी

पुँजीसञ्चय, कृषिसाहित्य, दर्शन, किसान अधिकार

## विषय प्रवेश

किसानले उत्पादन गरेको कृषिवस्तु किसान आफूले मात्रै उपभोग गर्दैन, वितरण पनि गर्छ। वितरण प्रणालीको सुरुआत आफूलाई जरुरी पर्ने वस्तुसँग साट्ने प्रचलनबाट भयो, जसलाई सट्टापट्टा प्रणाली (बार्टर सिस्टम) भनिन्थ्यो। मुद्राको प्रचलनको विकास भइसकेपछि मुद्रामा किनबेच सुरु भयो। त्यसले पुँजी सञ्चयको विकास गर्‍यो। जमिनको स्वामित्व र कृषि उत्पादनले पुँजी सञ्चयको आधार बन्न गयो । कृषि उत्पादनका साधनमाथि धनीको कब्जा हुन थाल्यो। यसरी काम गर्ने किसान र लगानी गर्ने मालिक दुई वर्ग (धनी र गरिब) मा विभाजन भयो । महान् दार्शनिक कार्ल मार्क्सले यसको तथ्यसहित सूक्ष्म विश्लेषण गर्दै यसको समाधानको बाटो देखाए । मार्क्सभन्दा पहिलेका दार्शनिक, धर्मगुरुसमेतले कृषि उत्पादन र वितरणबारे प्रशस्तै कुरा उठाएका थिए तर त्यो उत्पादन गर्ने श्रमिक किसानको हित र अधिकारमा थिएन । मार्क्सले आफ्नो प्रसिद्ध रचना ‘पुँजी’ (दास क्यापिटल) मा अनुसन्धानका साथै किसानको अधिकार र उनीहरूको मुक्तिको बारेमा आफ्नो निष्कर्ष प्रस्तुत गरेका छन्। कृषि उत्पादनले पुँजी सञ्चय गर्ने, विज्ञान र प्रविधिको विकाससँगै कृषिऔजारको विकसित रूपले उत्पादन वृद्धि हुँदै जाँदा सञ्चित पुँजी धनी वर्गको गोजीमा जम्मा हुने क्रम प्रवेशले किसानहरू क्रमशः कृषिमजदुरमा परिणत हुने र सञ्चित पुँजीबाट

औद्योगिकीकरणमा प्रवेश गरेपछि ती मजदुर र किसान सर्वहारा मजदुरमा रूपान्तरण हुन पुगे। यसरी किसानको हातमा रहेको आफ्नो उत्पादन र वितरण सम्बन्ध जमिनदार वा पुँजीपतिको हातमा पुग्न गयो।

जबसम्म उत्पादनका साधनको स्वामित्व उत्पादन सम्बन्ध व्यक्तिमा होइन, सामाजिक स्वरूपमा बदलिँदैन, तबसम्म किसानले आफ्नो पूर्ण अधिकार प्राप्त गर्न सक्दैन। किसानहरू कृषि उत्पादनमा लाग्न उनीहरूले १८–२० घण्टा श्रम गर्नुपर्छ। बौद्धिक विकासका लागि किसानसित पर्याप्त समय हुँदैन। बौद्धिक समाज र स्वयम् किसान पनि अग्रसर भएर कृषिसाहित्य सृजनाले किसानको अधिकार प्राप्तिको सङ्घर्षलाई मदत पुग्दछ। यसका लागि बौद्धिक समुदायले समेत कृषि विषयलाई प्राथमिकता दिएर कृषि साहित्यको सृजना गर्नुपर्दछ।

## *अध्ययन विधि*

यो लेखमा अहिलेसम्म प्रकाशित पुस्तक, दर्शन, साहित्य, राजनीतिक दस्तावेजलगायत द्वितीय स्रोतबाट लिइएका छन्। यसका साथै संयुक्त राष्ट्र सङ्घ, नेपाल सरकार र विभिन्न मुलुकका किसान सङ्घसङ्गठनद्वारा प्रकाशित पुस्तक, मुखपत्र र रिपोर्टको आधार लिइएको छ। उक्त प्रकाशित सामग्रीअन्तर्गतका लेखनको निष्कर्ष र तिनीहरूका नीतिअन्तर्गत किसान अधिकार र साहित्यका बारेमा निष्कर्ष निकालिएको छ। त्यस क्रममा विश्लेषण गरेर सङ्क्षिप्तमा निष्कर्ष निकाल्ने पद्धति अवलम्बन गरिएको छ। यो निष्कर्ष मौलिक निष्कर्ष हुने विश्वास गरिएको छ।

## *किसानबारे मार्क्स, एङ्गेल्स र लेनिन*

मानव समाजको विकास उत्पादनको साधन (औजार) र उत्पादन सम्बन्धसँग सम्बन्धित विकाससँग अन्तरसम्बन्धित छ। जङ्गली कन्दमुल र सिकारको प्रयोग, हतियार, आगो प्रयोगबाट सञ्चित खाद्यवस्तुको सुरक्षाबाट विकास हुँदै धातुको प्रयोगले खाद्यवस्तु उत्पादन तथा खाद्यवस्तुको सङ्ग्रहमा वृद्धि, जमिनको प्रयोगले कृषिको उत्पादनमा क्रमिक विकास हुँदै गयो। खेतीप्रणालीको विकासले खाद्यवस्तुको सञ्चय प्रणाली विकास भयो। धातुको प्रयोगले जङ्गली जीवजन्तुबाट सुरक्षाको आधार तयार भयो। यो बेलासम्म श्रम सामाजिक र अनिवार्य थियो। सबै व्यक्ति श्रममा लाग्नुपर्दथ्यो। श्रममा लाग्ने संस्कृति नै बनेको थियो। उनीहरूको खानेकुरा आवश्यकताअनुसार हुन्थ्यो, तर निजी स्वामित्व भने हुन्थेन। यसलाई मार्क्सले आदिम साम्यवादको परिभाषा दिए। खेतीको विकासले खाद्यवस्तु सञ्चय हुन थाल्यो। यसले श्रम सरल मात्र भएन, श्रममा विभाजन पनि ल्यायो। बलियाबाङ्गा/टाठोबाठोले कमजोरलाई धेरै श्रममा लाउने क्रम सुरु भयो। महिलाहरू बच्चाको रेखदेख, घर व्यवस्थापनमा र पुरुषहरू उत्पादन र सुरक्षाको काममा खटिन थाले। यसरी श्रमविभाजनको प्रक्रिया सुरु भयो। खेतीप्रणालीमा धातुको प्रयोग र घुमन्ते जीवनबाट स्थिर जीवन सुरु भएपछि बलियाबाङ्गा/ टाठाबाठाले अरूलाई श्रममा लगाउने र आफू उत्पादन कब्जा गर्ने प्रक्रिया सुरु भयो। यसरी वर्गविभाजन सुरु भयो। अब एउटा कबिलाले अर्को कबिलामाथि आक्रमण गर्ने, हार्ने कबिलालाई दास बनाउने प्रथा सुरु भयो। ती दासलाई अन्न उत्पादनलगायत अन्य श्रममा पनि लाउन पुगे। यसरी दासव्यवस्था (युग) प्रादुर्भाव भयो। खेतीयोग्य जमिन र खेतीप्रणालीको विकाससँगै वर्गीय राजनीतिले महत्त्वपूर्ण विकास गर्दै लग्यो। उत्पादनका साधन विकसित हुँदै गए। त्यस्ता विकाससँगै विकसित औजारको प्रयोग पनि बढ्दै गयो।

सामन्ती युगमा आइसकेपछि ती खेती गर्ने जमिन, पशु सबै जमिनदार, राजाका निजी सम्पत्ति भए। कतैकतै जोतिएका अथवा पशुपालन गरिएका पशु पनि जमिन्दार वा राजाको अधिकारमा रहन पुगे। यो प्रक्रिया विकसित हुन हजारौँ वर्षको सङ्क्रमणकालीन समय लागेको थियो। सामन्तवादबाट पुँजीवादी सङ्क्रमणकालमा किसानको स्थितिबारे मार्क्सले बडो सूक्ष्म ढङ्गले विवरण प्रस्तुत गरेका छन्, जसमा किसानलाई क्रूर तथा अमानवीय तरिकाले मजदुरीकरणमा प्रवेश गर्ने बाध्यता बनाइन्थ्यो। यसरी खेतीपाती गर्ने व्यक्तिको जग्गाजमिन सबैभन्दा पहिले

खोसिएको थियो । पुनः उनीहरूलाई उनीहरूका घरबाट हटाइएको थियो, सम्पत्तिविहीन बनाइएको थियो तथा त्यसपछि उनीहरूलाई निर्मम र भयानक कानुनको उपयोग गरेर कोर्रा लगाउने काम गरिएको थियो, तातो फलामबाट डामिदिने गरिएको थियो, अनेकौँ प्रकारका यातना दिइएको थियो। त्यसैगरी उनीहरूलाई मजदुरी प्रणालीका लागि आवश्यक अनुशासन सिकाउने काम गरिएको थियो (मार्क्स, २०६७, पृ. ५०८) । यसरी मार्क्सले मजदुर वर्ग अस्तित्वमा आउनुअघि किसानको अवस्थाबारे व्याख्या गरेका थिए । कृषिसँग सम्बद्ध जनसमुदायको सम्पत्ति खोस्ने कुराले प्रत्यक्ष रूपमा ठुला जमिनदारको उत्पत्ति मात्र गर्दछ । जहाँसम्म पुँजीवादी किसानको उत्पत्तिको सम्बन्ध छ, त्यसको रहस्य पनि पत्ता लगाउन सक्दछौँ । किनकि त्यो धेरै मन्द गतिको प्रक्रिया थियो, जसमा कैयौँ शताब्दी बितेको थियो (मार्क्स, २०६७, पृ. ५१३) । यहाँ मार्क्सले पुँजीवादी किसानको उत्पत्तिका बारेमा उल्लेख गरेको देखिन्छ।

## *किसानबारे माओत्सेतुङ*

सामन्तकालीन युगमा किसान र कृषिकै विकास प्रक्रिया अगाडि बढिरहेको थियो । उक्त कार्यकालमा कृषि उत्पादनबाट कसरी अतिरिक्त पुँजीको निर्माण हुन्छ। उत्पादनका साधनको विकास भएसँगै कसरी पुँजीमा सङ्क्रमण हुन्छ भन्ने कुरा मार्क्सको विश्लेषण थियो । मार्क्सले पुँजीवादको विकासका लागि सामन्तवादलाई पुँजीवादले ध्वस्त पार्दछ भन्ने पनि विश्लेषण गरेका थिए। त्यति बेला बेलायत, जर्मनी, फ्रान्स र रुसलगायतका विश्वका कतिपय देश पुँजीवादी व्यवस्थाबाट अगाडि बढ्दै थिए । सामन्त वा अर्धसामन्ती अवस्थामा रहेका, पुँजीवादमा विकास नभइकेका देशमा अतिरिक्त मूल्यलाई सामाजिक रूपान्तरण हुन सर्वहारा वर्गको नेतृत्वमा किसानलाई पुँजीवादी अधिकार दिएर राज्यको नेतृत्व सर्वहारा वर्गले लिनुपर्ने निष्कर्ष माओत्सेतुङले निकालेर चीनमा नयाँ जनवादी क्रान्ति सफल पारे। सर्वहारा वर्गको नेतृत्वमा हुने राज्यक्रान्तिले सामन्ती/अर्धसामन्ती प्रकारको अतिरिक्त मूल्यलाई सामाजिकीकरणको प्रक्रिया अगाडि बढाउनका लागि सर्वहारा वर्गले किसानमजदुर एकताका आधारमा नयाँ जनवादी व्यवस्था स्थापनाको सिद्धान्त माओत्सेतुङको थियो। पुँजीवादको विकासपछि सर्वहारा वर्गको अधिनायकत्वमा समाजवादी क्रान्ति गरेर सर्वहारा वर्गले राज्य कब्जा गरेपछि अतिरिक्त पुँजीको समाजवादी करणमा परिवर्तन हुने प्रक्रिया अगाडि बढ्छ। अतिरिक्त पुँजीको सामाजिकीकरणको आधार नयाँ जनवादी व्यवस्थाको चरणअन्तर्गत स्वयम् सर्वहारा वर्गको नेतृत्वलाई अतिरिक्त पुँजीको सामाजिकीकरणको प्रक्रिया (समाजवादी व्यवस्था) मा सङ्क्रमण गर्न मद्दत पुग्ने निष्कर्ष माओको थियो । चीन अर्धसामन्ती अवस्थामा थियो । चीनको हुनानका किसानको कृषि आन्दोलनबारे अनुसन्धान गरेर सर्वहारा वर्गको नेतृत्वमा किसानलाई पुँजीवादी अधिकार दिएर अतिरिक्त पुँजीको सामाजिकीकरण गर्ने प्रक्रिया अगाडि बढाउने निष्कर्ष माओले निकालेका थिए। किसानलाई अधिकार दिने प्राथमिक रूपमा जमिन नै थियो। जमिन जोत्नेको अधिकारलाई चीनमा माओत्सेतुङले प्राथमिक रूपमै उठाएका थिए। यद्यपि जमिन जोत्नेका आधारमा विभिन्न प्रकारका सहकारी कारोबार बढाएर लगिनेछ; जसमा समाजवादको तत्त्व रहेको हुन्छ। तर पनि मुख्य गरी यो बाटोमा समाजवादी खेतीपाती प्रणालीको स्थापना हुँदैन (माओ, सन् १९६९, पृ. २८)। सन् १९४९ मा चीनमा नयाँ जनवादी क्रान्ति भएपछि त्यहाँ यसरी व्यावहारिक अभ्यास भएको मान्न सकिन्छ।

माओले धेरै जोड दिएको कुरा के हो भने जनवादी क्रान्ति अतिरिक्त पुँजीको सामाजिकीकरणका लागि सर्वहारा वर्गको पहिलो चरणको राज्य नेतृत्व हो। त्यसैले सामन्ती समाजका लागि सर्वहारा वर्गको नयाँ क्रान्ति हो। यो नयाँ जनवादी किसिमको क्रान्ति हो, जसको नेतृत्व सर्वहारा वर्गले गर्दछ; जसको उद्देश्य पहिलो चरणमा नयाँ जनवादी समाज तथा सम्पूर्ण क्रान्तिकारी शक्तिको संयुक्त अधिनायककत्वअन्तर्गत राज्य स्थापना गर्नु हो (माओ, १९६९, पृ. ४७१)। माओले यसरी कृषिलाई नयाँ जनवादी क्रान्तिसँग जोडेको देखिन्छ । चीनको गृहयुद्ध कालमा

जापानी साम्राज्यवादले चीनमाथि आक्रमण गरेको थियो। माओको नेतृत्वमा चीनमा चलिरहेको जापान विरोधी छापामार युद्धकाल (सन् १९३७–१९४५) मा लडिएको युद्धलाई माओले जापान विरोधी युद्ध अनिवार्य रूपले किसान युद्ध भएको घोषणा गरेका थिए (माओत्सेतुङ, सन् १९६९, पृ. ४४६)। माओले प्रकारान्तरले राजनीतिक सङ्घर्षमा अन्ततः किसानकै सक्रिय सहभागिता रहने तथ्य प्रस्तुत गरेका थिए।

## *औद्योगिक पुँजीवादमा किसानको स्थिति*

मार्क्सले समाज विकासको क्रममा वर्गीय अन्तर्विरोध वर्गीय सङ्घर्षले खेती गर्ने किसानका जमिन जमिनदारले खोस्ने र खेतीयोग्य जमिन राजा वा सामन्ती नाइकेको अधिकारमा हुँदै आएको ऐतिहासिक तथ्य प्रस्तुत गरेका छन्। यो प्रक्रियामा सामन्ती समाजको विरुद्ध जमिनको अधिकार प्राप्तिका लागि किसानले ठुलाठुला सङ्घर्ष गरी सामन्ती राज्यसत्ता र राजालाई सत्ताच्यूत गराएर पुँजीवाद स्थापना भयो। पुँजीवाद पनि दासयुग, सामन्ती युगजस्तै आफैँ शोषणयुक्त व्यवस्था भएकाले त्यसमा कृषिबाट च्यूत भएर स्थापित कारखानाका मजदुर (जो पहिले कृषिमजदुर थिए) को शोषण फेरिएन (मार्क्स, सन् २०६७, पृ. ५१८–१९)। किसानको खेतीबाट उत्पादन हुने अतिरिक्त सञ्चित पुँजीले उनीहरूको (किसानको) समेत सम्पत्ति (पुँजी) बढाउने हुँदो ती किसान पुँजीपति किसान भए र मार्क्सले पुँजीपति किसान भनेर पुँजी उत्पत्तिको कुरा गरेका छन्।

कृषि उत्पादनले बजारीकरण गरी औद्योगीकरणको विकास गऱ्यो। त्यो औद्योगिक पुँजीमा रूपान्तरित भयो। कलकारखाना र वित्तीय बजारको विकास भएका देशमा किसानको सङ्घर्ष प्रधान नभएर सर्वहारा मजदुर वर्गको सङ्घर्ष पुँजीवादसँग प्रधान रूप रह्यो । जुन देशमा पुँजीवादको विकास भएको थिएन, त्यहाँ सर्वहारा वर्गको नेतृत्वमा किसानमजदुर एकताका आधारमा कृषिक्रान्ति हुन्छ अर्थात् कृषिमा किसानको स्वामित्व रहेको हुन्छ। यो पुँजीवादी क्रान्ति हो। किसान पनि पुँजीपति वर्गमा (निम्न–पुँजीवादी तप्का पनि) पर्छन्। माओको वर्गविश्लेषणमा निम्नपुँजीपति वर्गमा भूमिधर किसान (मध्यमवर्गीय किसान) पनि पर्छन् (माओ, सन्१९७१, पृ. ६)। मार्क्सवादी सिद्धान्तमा निजी सम्पत्तिका अतिरिक्त श्रम नै अतिरिक्त मूल्य हो। त्यो अतिरिक्त मूल्यले व्यक्तिको सम्पत्ति वृद्धि गर्दछ। यसले धनी र गरिबको विभाजन गराउँछ। यसरी शोषक वर्ग र शोषित वर्गको विकास हुन्छ। मार्क्स, एङ्गेल्स, लेनिन तथा माओले सम्पत्तिलाई निजी स्वामित्वमा नभएर सामाजिकीकरण वा अतिरिक्त मूल्यलाई सामाजिकीकरण गर्ने समाजवादी व्यवस्था जरुरी भएको कुरामा जोड दिएका हुन्।

यसरी श्रमका आधारमा मूल्य निर्धारण प्रक्रिया अगाडि बढ्ने भएपछि त्यो अतिरिक्त मूल्य पुँजीमा बदलिने कुरालाई मार्क्सले तथ्यपूर्ण तरिकाले यसरी प्रस्तुत गरेका छन् – अतिरिक्त मूल्यलाई पुँजीमा बदल्न सकिन्छ भने त्यसको एउटा मात्र कारण यो हो, जुन अतिरिक्त उपजको त्यो मूल्य हुन्छ, त्यसमा पहिलेदेखि नै नयाँ पुँजीका भौतिक तत्त्व मौजुद रहन्छन्, (मार्क्स, २०६७, पृ. ४०८)। यसबाट अतिरिक्त मूल्य नै पुँजीको सुरुआत भएको र त्यसबाट पुँजी बन्ने स्पष्ट हुन्छ।

मार्क्सको यस निष्कर्षमा श्रमबाट अतिरिक्त पुँजीमा परिणत हुने विषयमा लेनिनले पनि आफ्नो तर्क राखेका छन्। उनको (मार्क्स) धारणअनुसार हरेक मालको मूल्य उनीहरूको उत्पादनमा सामाजिक दृष्टिकोणबाट आवश्यक श्रमसमयको लागतका आधारमा निश्चय हुन्छ (लेनिन, सन् १९६०, पृ. ८४)। यसप्रकार लेनिनले मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त व्याख्या गरेका छन्।

## *श्रमबाट अतिरिक्त पुँजी सञ्चय-पुँजीवादमा रूपान्तरण*

लेनिनको नेतृत्वमा सामाजिक–जनवादी पार्टी, दलाल जमिनदार वर्ग र त्यसको नेतृत्व गर्ने जार (राजा) का विरुद्ध सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत समाजवादी क्रान्ति भएको थियो, जसलाई अक्टोबर क्रान्ति भनिन्छ। रुसको समाजवादी व्यवस्थाअन्तर्गत किसानलाई सामूहिकीकरण गरेर कृषि सहकारीको मोडेलबाट औद्योगिकीकरणमा

लगेका थिए। समाजवादमा पनि कृषि उत्पादनमा सहभागी किसानको श्रम अनिवार्य हुन्छ। विकसित पुँजीवादी मुलुकले साम्राज्यवादी नीतिको कर्पोरेट प्रणालीअन्तर्गत कृषि उत्पादन गर्छन्, कर्पोरेट प्रणालीअन्तर्गतको कृषि उत्पादनमा कृषि मजदुरै लाग्नुपर्छ, चाहे उच्चस्तरको वैज्ञानिक प्रविधिको प्रयोगै किन नहोस्। मार्क्सले भनेजस्तै उत्पादनका साधनमा विज्ञान र प्रविधिको प्रयोग भए पनि उक्त प्रविधि र कृषिमा प्रयोग हुने उत्पादन र प्रयोगमा पनि मजदुरकै श्रम लाग्दछ; जुन अहिले पुँजीवादी कर्पोरेट प्रणालीले श्रमिकको ज्याला वा ठेक्कामार्फत् प्राप्त गर्दछन्। उत्पादनमा लाग्ने लगानी र श्रमिकले पाउने ज्यालाबिच ठुलो अन्तर हुन्छ। त्यो अन्तर अतिरिक्त पुँजी हो र त्यो पुँजीपतिको निजी पुँजी बन्दछ। यो शोषणको रूपलाई उनीहरू उत्पादन वृद्धिको लागि सञ्चय भन्दछन्। त्यो सरासर झुट हो।

उत्पादन भएको वस्तु बिक्री (वितरणप्रणाली) मा पुँजीपतिबिचको शत्रुतापूर्ण प्रतिस्पर्धाले उनीहरूबिच साम्राज्यवादी युद्धको विकास हुन्छ भने मजदुरले आफ्नो जीवनभर (पुस्तौँपुस्तासम्म) शोषणयुक्त जीवन बिताइरहनु पर्छ। पहिलो विश्वयुद्ध (सन् १९१४–१८) साम्राज्यवादी युद्ध थियो। यो युद्ध संसारलाई भागवण्डा गर्नका लागि वित्तीय पुँजीको प्रभावक्षेत्र आदिको विभाजन तथा पुनः विभाजनको लागि लडिएको थियो (लेनिन, सन्१९७४, पृ. ११–१२)। यसरी उत्पादित सामान वित्तीय पुँजीका रूपमा परिवर्तन भएर वित्तीय प्रभावक्षेत्रका लागि साम्राज्यवादी युद्ध भइरहेका छन्। यस्तो पुँजीवादी उत्पादन प्रणालीले मानवको स्वास्थ्य र आवश्यकताअनुसार उत्पादन नभएर नाफा र पुँजी सञ्चय प्रणाली अगाडि बढाउँछन्। यसरी साम्राज्यवादी पुँजीवादको राज्ययन्त्र ध्वस्त पारेर उत्पादन प्रणालीको सामाजिक रूपमा परिवर्तन गर्नुपर्नेमा लेनिनको जोड थियो। त्यो भनेको सर्वहारा वर्गको अधिनायकत्वमा समाजवादी राज्यप्रणालीको स्थापना गर्नु हो।

## *किसान साहित्य*

दार्शनिक, ऐतिहासिक तथा राजनीतिक साहित्यमा किसानका बारेमा अनेकौँ चर्चा र निष्कर्ष पाइन्छन्। तर आवश्यकताका तुलनामा सामन्ती युग, पुँजीवादी युगमा किसानका समस्याबारे कथा, उपन्यास, कविता, आख्यान सीमित लेखकले लेखेका छन्। फेरि पनि किसानको सामन्ती जमिनदार, राजाका विरुद्ध सङ्घर्ष गरेका प्रशस्त घटना र साहित्य लेखिएको सत्य हो। यस क्रममा कतिपय कथा, कविता तथा उपन्यास लेखिएका छन्। प्रतिनिधि साहित्यकारहरू लुसुन (चीन), चेर्निसेभस्की (रुस), गोर्की (रुस), टल्सटाय (रुस), प्रेमचन्द (भारत) आदिले किसानको जीवनसङ्घर्षका गाथा लेखेका छन्।

सामन्ती कालसँगै पुँजीवादी कालमा सामन्त तथा पुँजीवादकै स्वार्थलाई प्रतिनिधित्व हुने गरी किसानका व्यक्तिगत जीवन गाथा सृजना भएका छन्। पुँजीवादभित्र रहने किसानका कथाव्यथा नितान्त व्यक्तिगत वा व्यक्ति केन्द्रित साहित्यका रूपमा लेखिएका छन्। त्यसमा व्यक्ति केन्द्रित र आत्मरतिका विषय नै प्रमुख बन्ने गरेका छन्। नेपालजस्तो अर्धसामन्ती मुलुकका किसानको पारिवारिक जीवन, उत्पादनमा परेको घाटा, त्यो घाटाले विदेशिनु परेको स्थिति, घामपानी, हिलोधुलो, माटो, असिना, आँधीबेहरीको जीवन, साहु र बैङ्कको ऋण तिर्न नसकी गर्नु परेको आत्महत्या, खेतीबाट बेदखल हुन पुगेका किसानको दर्दनाक कथा, कृषिकर्मको घाटाबाट लोग्नेस्वास्नीबिचको अन्तरसङ्घर्षको व्यथा, लोग्नेलाई खुसी पार्ने, परिवारको व्यवस्थापन गर्नुपर्ने, घरको व्यवस्थापन गर्नुपर्ने सँगसँगै कृषि अर्थात् खेतीपाती र गाईवस्तुको व्यवस्थापनमा २२ घण्टासम्म श्रममा बाँचिरहेकी, उमेर छँदै अनुहार झ्याउरो र दुःखी, रोगी भएर बाँच्नुपर्ने महिला किसानको दर्दनाक वेदनाको साहित्य सृजना ओझेलमा परेको छ। नेपालका बहुसङ्ख्यक किसान (समग्रमा ६३% मध्ये गाउँमा ८०–९०%) को मुक्तिको साहित्य सृजनातिर हाम्रो समाजको ध्यान जान सकेको छैन। दैनिक कृषि उत्पादनमा निर्भर हुने किसानका मनको पीडा व्यक्त गर्ने काममा साहित्यकारको कलम ओझेलमा परेको देखिन्छ।

## *किसान अधिकार र विश्वस्तरमा किसानको सङ्घर्ष*

किसान अधिकारबारे लेनिनपछि विश्वस्तरमा बहस

चल्दै आएको छ। द्वितीय विश्वयुद्ध (सन् १९३९–४५) ले विकसित पुँजीवादी मुलुकको अर्थतन्त्र ध्वस्त बनाएकाले सन् १९४४ मा अमेरिकाको ब्रेटनवुड्समा पुँजीवादी मुलुकका प्रतिनिधि मिलेर ग्याट (जेनेरट एग्रिमेन्ट अफ ट्रेड एन्ड ट्यारिफ) स्थापना भयो। यसले सन् १९९५ मा विश्वव्यापार सङ्गठन निर्माण गर्‍यो। यसरी सन् १९९५ सम्म आइपुग्दा सोभियत रुसलगायत युरोपेली राष्ट्रका समाजवादी व्यवस्था पुँजीवादमा पतन भइसकेको थिए। ग्याटले विश्वव्यापीकरण र उदारीकरणको अर्थनीति लिन पुग्यो। जनसङ्ख्या वृद्धिको बहाना बनाएर खाद्य उत्पादन वृद्धि गर्न जेनेटिक इन्जिनियरिङ प्रविधिलाई पुँजीवादी साम्राज्यवादकै अधिकार रहने गरी कर्पोरेट प्रणालीको नीति अगाडि सारियो। यसले विश्वका सबै किसानको अधिकार कर्पोरेट स्वार्थमा गएर केन्द्रित हुन पुग्यो। त्यस क्रममा किसानको अधिकारमा कटौती हुँदै गयो। अब पुँजीपतिले लगानी गरी खाद्य उत्पादन र त्यसको बजारको एकाधिकारको संस्थागत व्यवस्था सुरु भयो। पुँजीवादको यो साम्राज्यवादी नीति थियो। विकसित पुँजीवादी मुलुकमा पनि कृषिवैज्ञानिक, कृषिप्राविधिक तथा किसानहरू कर्पोरेट प्रणालीअन्तर्गत श्रम बिक्री गरेर ज्याला (तलब) मा मात्रै सीमित रहने अवस्था सुरु भयो। कर्पोरेटका मालिकहरू धनीभन्दा धनी हुन पुगे। यसरी सामन्त कालकै आधारभूत नियमअनुसार मजदुरको अतिरिक्त पुँजी मालिकको हातमा जम्मा हुन पुगिरहेको छ। अर्धसामन्ती प्रकारका अविकसित देशमा कर्पोरेट प्रणालीले ठुलो सङ्ख्यामा साना र मध्यम किसानको आर्थिक स्थिति झन्झन् तल्लो स्तरमा गिराउँदै लगेको छ। कृषिमा कर्पोरेट प्रणालीको विकाससँगै त्यसका विरुद्ध प्रत्येक देशमा किसान सङ्गठन निर्माण गर्ने र यसबाट विश्वस्तरको किसान आन्दोलनको विकास गर्ने अभियान पनि सँगसँगै तीव्र बन्दै गइरहेको छ।

कालक्रमसँगै पछिल्लो कालमा किसानका विश्वव्यापी सङ्घर्षले किसान अधिकार क्रमशः स्थापित गर्दै गइरहेको छ र संयुक्त राष्ट्र सङ्घअन्तर्गतका सदस्य राष्ट्रले यसलाई लागु गर्नुपर्ने निर्णय गरेको छ। प्रथम विश्व किसान सम्मेलन २०७३ जेठ २२–२३ गते (जुन ३–५, २०१७) काठमाडौँमा सम्पन्न भएको थियो। सन् २००२ मा रोममा संयुक्त राष्ट्र सङ्घ मातहत विश्वखाद्य सम्प्रभुताको छलफल भइरहेको अवस्थामा विश्वभरिका किसान सङ्घसङ्गठनले विश्वस्तरको समानान्तर सम्मेलन गरी किसान अधिकार आदि विश्वखाद्य सम्प्रभुतामाथि किसानकै अधिकार हुनुपर्नेमा जोड दिए। सन् २००७ मा अफ्रिकी महादेशको मालीस्थित लेनिनीमा लाभिया क्याम्पेसिनाले खाद्य सम्प्रभुताको अधिकार पाउनुपर्ने निर्णय गर्दै विश्व किसान सम्मेलन गरेको थियो।

२०६२–६३ सालको जनआन्दोलनपछि स्थापित गणतन्त्रपछि नेपाल सरकारले पनि किसान परिचयपत्र वितरण गर्ने र त्यसअनुसार किसानलाई उत्पादनमा सरकारी योगदान दिने सैद्धान्तिक निर्णय गरेको छ। किसान अधिकारसम्बन्धी किसानका विभिन्न सङ्घसङ्गठन आफ्नो देश र विश्वभरि नै फोरम सञ्चालन गर्दै आइरहेका छन्। तर पनि त्यसले किसानको अधिकार तथा कृषि उत्पादन र वितरण (बजारीकरण) को एकाधिकार प्रणालीले हस्तक्षेप बढाउँदै किसानको अधिकार कुण्ठित हुँदै गइरहेको छ। कृषि उत्पादनमा नाफाका लागि रासायनिक पदार्थको गलत प्रयोगले मानव स्वास्थ्यमाथि भयावह स्थिति उत्पन्न भएको छ। कृषि उत्पादनको अराजक प्रणालीले उत्पादित कृषिवस्तु कर्पोरेट हाउसमा कुहिरहेको छ भने भोकमरीले मर्नेको सङ्ख्या बर्सेनि बढिरहेको छ।

किसान अधिकारको प्रश्नबारे विश्वव्यापी रूपमा संयुक्त राष्ट्र सङ्घ, मानवअधिकार संस्था, कृषिसम्बन्धी सङ्घसङ्गठनका विभिन्न संस्थाले उठाइरहेको भए तापनि त्यो पुँजीवादी सिद्धान्त (अतिरिक्त मूल्यको सिद्धान्त) मा आधारित भएकाले किसानको अधिकार पुँजीवादी बुर्जुवा प्रणालीमा सीमित भएको छ। अतिरिक्त मूल्यको स्वामित्वमा परिवर्तन नभएसम्म किसानले पूर्ण अधिकार प्राप्त गर्न सक्दैनन्। यसरी विश्वभरि चलिरहेका किसान आन्दोलनबाट सीमित रूपमा प्राप्त गरेको अधिकार पनि पुँजीवादी बुर्जुवा प्रणालीअन्तर्गत छन्। पुँजीवादी बुर्जुवाले दिएको ती अधिकार पनि लागु गरिएको छैन। उनीहरूको सीमित अधिकार पनि कटौती गर्दै लगिएको छ। यस्तो अधिकार कटौतीको रूप ठेक्का प्रणाली हो। विज्ञान र प्रविधिको

विकासले कृषिक्षेत्रलाई आर्टिफिसियल इन्टेलिजेन्स–एआई (कृत्रिम बौद्धिकता) करण, औजारको मसिनीकरण गरेर कृषि उत्पादनलाई सरलीकरण गरे पनि ती एआई चलाउने कृषिमजदुर नै हुन्छन् । उनीहरूले उत्पादित नाफाको तुलनामा अत्यन्त न्यून मजदुरी दिएर जीवननिर्वाहका लागि मात्र श्रमिकले ज्याला पाउँछन् । यसरी पुँजीवादी घेराभित्रको किसान अधिकारले किसानका समस्या जस्ताको तस्तै रहेको छ।

## *समाजवादमा किसान र कृषिको अवस्था*

पुँजीवादको विकास नभएको कृषिप्रधान देशमा सर्वहारा वर्गको नेतृत्वमा क्रान्तिकारीको संयुक्त अधिनायकत्वमा हुने नयाँ जनवादी क्रान्तिमा किसानलाई भूमि र वितरणको स्वामित्व बनाउने हो । राष्ट्रिय पुँजीको विकास भएपछि समाजवादमा फड्को मार्ने हो । निजी सम्पत्ति र निजी स्वामित्वको पूर्ण अन्त भएपछि वर्ग समाप्त हुन्छ र समाज साम्यवादमा सङ्क्रमण हुन्छ। सर्वहारा वर्गको नेतृत्वमा रहेको नयाँ जनवादी व्यवस्थामा किसानको कृषि, जमिन र वितरणको अधिकार निजी रहन्छ। यसरी नयाँ जनवादी व्यवस्था समाजवादका लागि सङ्क्रमणकालीन अवस्था हो भने समाजवादी व्यवस्था पनि साम्यवादी व्यवस्थाका लागि सङ्क्रमणकाल हो । समाजवादी कालमा पनि समाजमा पुँजीवादका अंश रहिरहेका हुन्छन्। तिनीहरूलाई समाप्त पार्नका लागि समाजवादमा सर्वहारा वर्गको अधिनायकत्व आवश्यकता पर्दछ।

मार्क्स–एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्र जारी गर्दाका समयमै प्रतिक्रियावादी समाजवाद जन्मिसकेको थियो। उक्त घोषणापत्रमा उल्लेख भएका प्रतिक्रियावादी समाजवाद, सामन्ती समाजवाद, निम्नबुर्जुवा समाजवाद, जर्मन अथवा बुर्जुवा समाजवाद, नाजीवादी अथवा बुर्जुवा समाजवाद आदि 'समाजवादी' समाजवाद, 'युटोपियाई समाजवाद' जस्ता गलत सिद्धान्तको खण्डन मार्क्स–एङ्गेल्सद्वारा गरिएको छ (मार्क्स/एङ्गेल्स, सन् १८४८, पृ. ५७–६०)। समाजवादका नाममा विश्वमा थुप्रै समाजवादी व्यवस्था र समाजवादका लागि सङ्घर्षरत पार्टी छन्। उक्त घोषणापत्रले समाजवादमा रहेका पुँजीवादी अंश विरुद्धको सङ्घर्षमा साम्यवाद प्रवेश नगर्दासम्म समाजवादको सङ्क्रमणकालीन व्यवस्थाबाट सर्वहारा वर्गको अधिनायकत्व आवश्यक हुने घोषणा गरेको छ। आज जेजति समाजवादका विषय उठाइन्छन्, निजी पुँजीको सामाजिकीकरणको वैज्ञानिक नियम (मार्क्स–एङ्गेल्सको सिद्धान्त) को अनुसरण नगर्ने हो भने किसान, सर्वहारा मजदुरको मुक्ति हुँदैन । मार्क्स–एङ्गेल्सले भनेजस्तै प्रतिक्रियावादी समाजवादको बुर्जुवा पुँजीवाद (अहिले साम्राज्यवाद) को जातोमुनि पिल्सिरहेकै हुनेछौं । समाजवादमा कृषि उत्पादनको उच्चस्तरका मसिनीकरण हुन्छ। त्यो मसिनीकरण कृत्रिम बौद्धिकताको प्रयोगले समाजमा किसान–बुद्धजीवी, बुद्धिजीवी–किसान वा मजदुर–बुद्धिजीवी—बुद्धिजीवी–मजदुरको अवस्थामा विकास हुन्छ र समाजवादबाट साम्यवादमा क्रमशः सङ्क्रमण हुँदै जान्छ।

पुँजीवादले पुँजीको सामाजिकीकरणका लागि राज्यव्यवस्था, पार्टी तथा संस्था ध्वस्त पार्न शक्तिशाली साम्राज्यवादी युद्ध चलाइरहन्छ। यो युद्ध उनीहरू समाप्त नहुँदासम्म निरन्तर चलिरहन्छ। त्यसैले मार्क्स–एङ्गेल्सले समाजवादमा पनि सर्वहारा वर्गको अधिनायकत्व अनिवार्य हुने घोषणा गरेका छन्।

## *समाजविकासको सामान्य नियम*

मानव समाजको निर्माण र विकाससम्म आइपुग्दा वर्गविभाजनका लागि श्रमको भूमिका अनिवार्य रहेको मार्क्सको निष्कर्ष छ। अस्तित्वका लागि सङ्घर्ष (Struggle for Existance) सम्बन्धी चार्ल्स डार्बिनको प्रसिद्ध सिद्धान्त (डार्बिन, सन् १९६४, पृ. ५७) मा जीवको प्राकृतिक छनोट (Natural Selection) र अस्तित्वका लागि सङ्घर्षमार्फत् जीवको अस्तित्व विकास हुने निष्कर्ष निकालिएको छ। यसरी जीव (मनुष्य) ले प्रकृतिमा अस्तित्वका लागि सङ्घर्ष गर्दछ। त्यसको मात्र अस्तित्व रहन्छ; जसले प्रकृतिसँगको सङ्घर्षमा विजय हासिल गर्छ भन्ने सिद्धान्त चार्ल्स डार्बिनले ल्याएका थिए (डार्बिन, सन् १८४४, भूमिका) । मानव समाजमा मार्क्सले श्रमको परिभाषा दिएका थिए । तर

जीवनको उत्पत्ति र विकासमा यस्तो क्रियाप्रतिक्रिया (Interaction_ अर्थात् सङ्घर्ष निरन्तर चलिरहन्छ। यसरी मार्क्सको श्रमको परिभाषा प्रयोग गर्दा चार्ल्स डार्बिनको यो सिद्धान्तलाई पनि सम्झनुपर्दछ; जसमा श्रमकै प्रयोग हुन्छ। मार्क्सको वैज्ञानिक समाजवादी र साम्यवादी, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद र वैज्ञानिक अर्थप्रणाली, वर्गीय समाजभित्र रहेका तथ्यका आधारमा निस्केका निष्कर्ष हुन्, जसमा मार्क्सले घोषणा गरेका छन्– आजसम्म अस्तित्वमा रहेको सम्पूर्ण समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो (मार्क्स/एङ्गेल्स, सन् १८४८, पृ. ३०)। श्रमले मानव विकासलाई अघि बढाउँछ, एकआपसी सम्बन्ध तथा आवश्यकताका आधारमा सामूहिक रूपमा मानव समाजको विकास हुँदै जान्छ। मानवीय श्रमले मानिसको आवश्यकता पूर्ति गर्न नयाँनयाँ खोजी गर्दछ। त्यो खोजीको आधारमा आजसम्म आइपुग्दा उच्चस्तरका प्रविधि इन्टरनेट र एआईका आधारमा विकसित मानव समाज भविष्यमा अरू विकसित हुँदै जाँदा श्रमले निर्धारित गरेको अतिरिक्त पुँजीको रूपान्तरण निजी व्यक्ति (पुँजीपति) माथि नै नियन्त्रणमा रहिरहने व्यवस्था समाजको प्राकृतिक नियम विरुद्ध हुने मार्क्स, एङ्गेल्सले निष्कर्ष निकालेका छन् । यही सामाजिक प्रक्रियाले मानव समाजका युग अगाडि बढ्छन् । दासयुगमा दासले दासमालिकको विद्रोह गरे । दासयुगको पतनका लागि स्वयम् दासमालिक र उत्पादन साधनको विकास प्रक्रियाले दासयुगका विरुद्ध सामन्त लागे । सामन्ती युगको अन्तका लागि किसान सामन्ती विरुद्ध लागे। सामन्ती युगलाई ध्वस्त पार्न किसान वर्गका साथसाथै पुँजीपति वर्ग पनि लाग्यो। पुँजीवादलाई समाप्त पार्न सर्वहारा वर्ग लाग्दछ। पुँजीवादले आफू समाप्त हुने खाल्डो आफैँ खन्दछ । यसमा श्रम र पुँजीको भूमिका नियमअनुसार यस प्रकारका परिवर्तन प्राकृतिकरूपले हुने गर्दछन् भन्ने मार्क्स, एङ्गेल्स, लेनिन र माओले निष्कर्ष निकालेका छन् । अब एउटा कुरा स्पष्ट छ– भावना वा तत्कालीन घटनाक्रम, अल्पसूचना र अल्पज्ञानका आधारमा निकालिने निष्कर्षले किसानमजदुर (मानवको मुक्ति) को बाटो दिग्भ्रमित हुन्छ। हामी देख्न सक्छौँ; मुठ्ठीभर पुँजीपति वा पुँजीवादी कम्पनीको आम्दानी बढेको बढ्यै हुन्छ। त्यो पुँजी उब्जाउने श्रमिक (वैज्ञानिक, डाक्टर, इन्जिनियर, शिक्षक, बौद्धिक श्रमजीवी र अन्य श्रमिक मजदुर किसान) दयनीय वा निर्वाहमुखी जीवन बिताइरहेका हुन्छन्। तिनीहरूबिच अतिरिक्त पुँजी निर्माण र पुँजी वितरणमा पनि मार्क्सवादको नियम लागु हुन्छ। ती तप्काको अतिरिक्त पुँजीमा हिस्सा पुँजीपतिको भन्दा थोरै, अस्थायी र सीमित हुन्छ। यसरी उनीहरूबिच पनि आपसी सङ्घर्ष चल्ने गर्छ। त्यो सङ्घर्षमा एकाधिकार पुँजीपतिकै जित हुन्छ।

## *नेपालमा किसानका समस्या*

तराईमा अझै पनि सामन्ती शोषण कायम छ । अहिले पनि भूमिहीन किसानसँग जमिनको स्वामित्व छैन, जमिनदारको आशीर्वादले उनीहरूलाई बस्न तथा जमिन कमाउन दिइएको छ। यसमा दुषाद, चमार आदि जाति पर्छन्। जमिनदारको स्वार्थमा धक्का लाग्यो भने उनीहरूलाई तुरुन्तै लखेटिदिन्छन्। गाउँमा शिक्षा र चेतनाको विकासले केही किसानका छोरा शिक्षित छन्, तिनीहरू रोजगारीका लागि सहर अथवा अरबजस्ता मुलुकमा जान्छन्। विदेश जानका लागि गाउँकै जमिन्दारबाट ६०% सम्म ब्याजमा ऋण लिएर विदेशिन्छन्। त्यो ऋण तिर्न उनीहरूले जीवनको महत्त्वपूर्ण र लामो उमेर बिताउनुपर्दछ। खेतमा उनीहरू न्यून मजदुरीमा काम गर्दछन् । मूल रूपमा उनीहरूको वार्षिक मजदुरी अन्नमा तोकिन्छ।

पूर्वी तराईमा दुई प्रकारको मजदुरी प्रणाली छ। त्यो दैनिक मजदुरी प्रणाली र वार्षिक हो। पश्चिमी क्षेत्र दाङ, बर्दियामा वार्षिक मजदुरी तोकिने र प्रत्येक वर्ष मानिस खरिदबिक्रीकै रूपमा उनीहरूलाई एउटा जमिनदारबाट अर्को जमिनदारले किन्ने प्रथा छ अर्थात् पहिलेको जमिनदारले जतिमा वार्षिक मजदुरी दिएको छ; त्यसबाट मजदुरलाई खान नपुगेर ऋण लाग्छ। त्यो ऋण र नयाँ मजदुरी जोडेर उनीहरूलाई अर्को जमिनदारले खरिद गर्दछ । यसरी उनीहरूमाथि ऋणको बोझ बढ्दै जान्छ र आफ्नो जीवन (काम गर्ने सक्रिय उमेर) को अन्तिम समयसम्म पनि तिर्न नसकेर ऋण छोरामा सर्छ। यसलाई कमैया प्रथा भनिन्छ।

यो पश्चिम दाङ, बर्दियामा प्रचलित छ। किसानका छोरा बाबुको ऋणमा काम गरिरहेका हुन्छन् भने छोरी जमिनदारको घरमा घरेलु कामदार कमलरीका रूपमा रहेका हुन्छन्।

गणतन्त्रको स्थापनापछि यस्ता कमैया, कमलरीको मुक्तिको घोषणा गरे पनि उनीहरूलाई वैकल्पिक व्यवस्था नहुँदा पुनः जमिनदारकै घरमा फर्कन बाध्य हुनुपरेको छ; जसलाई जमिनदारले राख्दैनन्। उनीहरू अतिन्यून ज्यालामा मजदुरीमा लागेका छन्। पूर्वी तराईमा ती जमिनदारको जमिनमा काम गर्ने किसानलाई जनतन्त्र वा गणतन्त्रको कुनै असर परेको छैन। राजतन्त्र र पञ्चायती व्यवस्थामा तिनै जमिनदार राजा वा पञ्चायतका नेता थिए। बहुदलीय व्यवस्था आएपछि ती जमिनदार बहुदहलीय नेता, कम्युनिस्ट वा काङ्ग्रेसका नेता बने। गणतन्त्र आएपछि उनीहरू नै गणतन्त्रका नेता बने। ती सामन्तले गणतन्त्र र जनतन्त्रको असर तलसम्म पुग्न दिएका छैनन्। यसरी गणतन्त्रमा परिवर्तन आए तापनि जमिनदारी प्रथा दक्षिणी तराई क्षेत्रमा मूल रूपमा कायम छ। पहाडी भेगमा हली बस्ने प्रचलन अझै पनि कायम छ। उनीहरू सङ्गठित हुँदै मुक्तिका लागि सङ्घर्ष गरिरहेका छन् (रेग्मी, २०७३, पृ. ८)।

कृषि समस्या सधैँ स्थिर रहँदैन। समाज परिवर्तनसँगै यसका रूप विकसित हुँदै जान्छन्। वर्तमान समयमा साम्राज्यवादको उदारीकरण र विश्वव्यापीकरणको नीतिमा सरकार प्रवेश गरेपछि कृषिक्षेत्र (विशेषतः कृषि उत्पादन र वितरण प्रणाली वा बजारीकरण) मा नवउदारवाद प्रवेश गरेको छ। कृषि उत्पादनमा मसिनीकरण, वैज्ञानिक उत्पादन प्रणालीको विकासमा राज्यको मूल नीति नबनेपछि किसानको निर्वाहमुखी उत्पादनले उनीहरूको जीवन धान्न मुस्किल भएकाले उनीहरू सहर पस्ने, त्यहाँ पनि रोजगारीको अभावले विदेशतिर पलायन हुने प्रवृत्ति तीव्र रूपमा बढ्दै गइरहेको छ। राज्यले नीतिगत रूपमा रेमिट्यान्सलाई राष्ट्रको आम्दानीको स्रोत बनाएर वैदेशिक रोजगारलाई पूर्ण रूपमा खुला गरेको छ। मार्क्स/एङ्गेल्सले भनेजस्तै पुँजीले एकाधिकार रूपमा विकास गर्दछ र यसले विश्वव्यापीकरण रूप लिन्छ। कृषिको उत्पादन र वितरणलाई सामाजीकरण गर्नु यसको विकल्प हो। समाजवादी क्रान्तिको प्रथम चरणमा क्रान्तिकारी जनवादी अधिनायकत्वका आधारमा समाजवादी क्रान्तिलाई लेनिनले अगाडि बढाएका थिए। जसमा सर्वहारा वर्ग र किसानहरूको क्रान्तिकारी जनवादी अधिनायकत्वको नीति लिइएको थियो (लेनिन, सन् १९८०, पृ. ७८)। अहिले पनि यो सिद्धान्तको महत्त्व त्यत्तिकै छ।

## *नेपालमा किसान आन्दोलन*

कम्युनिस्ट पार्टीको स्थापनाकाल (२००६) देखि नै अखिल नेपाल किसान सङ्घको नामबाट ठुलाठुला किसान आन्दोलन भएका थिए। यस सन्दर्भमा पाल्पाको किसान आन्दोलन, सुदूरपश्चिममा भीमदत्त पन्त नेतृत्वको किसान आन्दोलन, काठमाडौँ उपत्यकाको किसान आन्दोलन, प्युठानको किसान आन्दोलन (२०१०), मोहियानी हक, जग्गाको हदबन्दीका लागि सङ्घर्ष र कथित भूमिसुधार उल्लेखनीय छन् (रेग्मी, २०७३, पृ. १८–१९)। यसको व्यापकता देशव्यापी छ। नेपालमा कार्यरत कम्युनिस्ट पार्टी, नेपाली काङ्ग्रेस र नागरिक किसान सङ्घसङ्गठन मिलेर राष्ट्रिय किसान सञ्जालमार्फत् नेपाल सरकारलाई किसानका समस्याबारे दबाब सृजना गर्ने काम पनि सधैँ भइरहेको छ। छ कम्युनिस्ट पार्टीनिकट किसान सङ्गठन अखिल नेपाल किसान महासङ्घ (अप्फा), अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र), अखिल नेपाल किसान महासङ्घ, क्रान्तिकारी किसान महासङ्घ नेपाल, अखिल नेपाल किसान यूनियन र प्रगतिशील किसान सङ्गठन ६५ सूत्रीय मागमा सहमत भएर उक्त माग पूरा गराउन तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र पुष्पकमल दाहालसमक्ष ज्ञापनपत्र बुझाएको छ। यसरी किसानका समस्या कुनै एउटा सङ्गठनको मात्र नभएर यो साझा र वर्गीय समस्या भएकाले यसलाई संयुक्त रूपमा उठाउनुपर्ने आवश्यकता छ। राष्ट्रिय किसान सञ्जालमार्फत लामो सङ्घर्षपछि खाद्य सम्प्रभुताको अधिकार संविधानमा राख्न सफल भयो। नेपाल सरकारले कृषिक्षेत्रमा साम्राज्यवादी नवउदारवाद नीति प्रवेश गराएको छ। त्यसअन्तर्गत व्यावसायिक कृषि उत्पादनको नाममा कर्पोरेट प्रणाली भित्र्याएको छ। सरकारले कृषिभूमि एकीकरणका नाममा

विश्वमै असफल भएको उक्त कर्पोरेट प्रणालीअन्तर्गतको भूमि बैङ्क कानुन लागु गर्दैछ।

## *निष्कर्ष*

पुँजीवादको नाश र सर्वहारा वर्गको जितको काल मानव जीवनको एक वा दुई पुस्तामा टुङ्गिने विषय होइन। किनकि दासयुगबाट सामन्ती युग र सामन्ती युगबाट पुँजीवादी युगमा रूपान्तरणका लागि कैयौँ शताब्दी लाग्छ। वर्गसङ्घर्षको चेतना वृद्धिका आधारमा युगनिर्माणको समय निर्धारण हुन्छ। वर्गसङ्घर्षको तीव्रताले सर्वहारावर्गीय छिटो दृष्टिकोणको विकास गर्छ। यसको साथै किसानमजदुर र सर्वहारा वर्गले आफ्नो वर्गीय र बौद्धिक चेतना बढाउने कुरामा पनि ध्यानकेन्द्रित गर्नुपर्दछ। किसानको स्थितिबारे मार्क्सले गहन विश्लेषण र तथ्य अगाडि सारेका थिए। अहिले चीनमा किसानको स्थितिसँगै चीनमा बाहेक अन्य समाजवादी क्रान्तिकालमा वा समाजवादी व्यवस्था सञ्चालन भएका देशमा विस्तृत अध्ययन र अनुसन्धानमा कमी रहेको देखिन्छ। पुँजीवाद र साम्राज्यवादको स्थिति बलियो रहेकाले किसानको समस्या ओझेलमा परेको छ। कृषि उत्पादन गर्ने किसान नै हो। त्यो स्थिति सामन्ती युगमा पनि थियो, पुँजीवादी युगमा पनि छ र सधैँ रहनेछ। समाजवादमा पनि कृषि उत्पादनको यान्त्रीकरणसहित मुख्य रूपमा किसान नै उत्पादन सम्बन्धमा रहेका हुन्छन्। त्यसलाई आधार बनाएर सर्वहारा वर्गको राजनीतिसँग जोड्ने कृषि र किसान साहित्यलाई अगाडि बढाउनुपर्दछ। अहिलेको युग पुँजीवादको एकाधिकारी स्वरूपको साम्राज्यवादी युग हो। किसान र उसको उत्पादनको सञ्चय मौद्रिक एकाधिकारमा प्रवेश गर्दछ र एकाधिकार पुँजी विकास हुन्छ। त्यो एकाधिकार पुँजीमा रूपान्तरण हुन्छ। पुँजीपतिको अतिरिक्त पुँजी एकाधिकार पुँजीवादको विकास नहुँदासम्म स्वतन्त्र थियो। त्यसैले स्वतन्त्र पुँजीलाई अस्थायी रूपमा नियन्त्रण गर्न दलाल पुँजीवादका विरुद्ध सर्वहारा वर्गले भूमिका खेल्नुपर्छ। त्यसैले अर्धसामन्ती समाजमा प्रवेश हुन थालेको दलाल पुँजीवादका विरुद्ध राष्ट्रिय पुँजी संरक्षणका लागि सर्वहारा वर्गले त्यो प्रक्रियामार्फत अतिरिक्त पुँजी सामाजिकीकरण गर्ने व्यवस्था (समाजवादी व्यवस्था) का लागि सर्वहारा वर्गको नेतृत्व रहने नयाँ जनवादी व्यवस्था हो भन्ने निष्कर्ष माओत्सेतुङले निकालेका हुन्।

नेपालमा पनि यस्तो नयाँ जनवादी व्यवस्थामार्फत पुँजीपति वर्गको अतिरिक्त पुँजीलाई सामाजिकीकरणको प्रक्रियामा लैजाँदै समाजवादमा पुग्न सकिन्छ। त्यसका लागि किसानको वर्गसङ्घर्षमार्फत मजदुरसँत एकता गर्दै क्रान्तिकारीबिच संयुक्त अधिनायकत्व कायम गरेर नयाँ जनवाद स्थापनाका लागि अगाडि बढ्नुपर्छ। समाजवादको आधार तयार पार्ने प्रक्रियामा दलाल पुँजीवादका अतिरिक्त पुँजी नियन्त्रण गर्दै समाजवादमा पुँजीको सामाजिकीकरणमा जान सकिन्छ। त्यसका लागि विशेषतःसर्वहारावर्गीय दृष्टिकोण र किसानको क्रान्तिकारी वर्गको चेतनामा ध्यान दिनुपर्दछ। किसानको शोषण श्रमका अतिरिक्त पुँजी पुँजीपतिको खल्तीमा जम्मा हुनेभएकाले पुँजीपति धनी भइरहने, किसान सर्वहारा वा मजदुर भइरहने, यसप्रकारको श्रमको प्राकृतिक नियमअनुसार मानवश्रमले काम गरेरहेको छ। यसरी व्यवस्थाले मुठ्ठीभर व्यक्ति र केही राष्ट्र धनी भइरहने प्रवृत्तिका साथ विश्व अगाडि बढिरहेको हुन्छ। अतिरिक्त श्रमबाट रूपान्तरित पुँजी पुँजीपतिको खल्तीमा जम्मा भएपछि पुँजीले प्रतिस्पर्धा गरेर विश्वयुद्ध निम्त्याउँछ। मानव चेतनाको विकासले उत्पादनमा नयाँ प्रविधिका औजार विकास गर्छ। जस्तो– अहिलेको कृषि उत्पादनमा एआईको प्रयोग, प्रकृतिको दोहन, आधुनिक पुँजीवादी सबै प्रकारका खाद्य उत्पादन र औजार, कृषि उत्पादनमा अप्राकृतिक प्रयोग (वर्णशङ्कर आनुवंशिक परिवर्तन तथा रसायनको प्रयोग) भइरहेको छ। यसरी आधुनिक औजार (इन्टरनेट, एआई) द्वारा नाफाका लागि पुँजीपतिको कब्जाले मसिनले मानवमाथि साम्राज्य चलाउने त होइन भन्ने प्रश्न जटिल रूपमा उठिरहेको छ। प्रकृतिको नियमअनुसार नै अतिरिक्त पुँजीको आपसी प्रतिस्पर्धाले पछि उत्पादन सम्बन्ध र उत्पादनको वितरण सामाजिक स्वरूप बदलिने प्राकृतिक नियम छ। यदि त्यो प्रवृत्ति विकसित भइरहेको मानव मस्तिष्कद्वारा वा सर्वहारा दृष्टिकोणबाट सकारात्मक

प्रयोग गरिएन भने मानव समाज वैज्ञानिक स्टेफेन हकिङले भनेजस्तै एक हजार वर्षमै ध्वस्त हुन्छ। किसानको मुक्तिको विषय दासयुग, सामन्ती युग, समाजवादी युगसम्म आइपुग्दा कृषि उत्पादन विना मानव जीवन रहन्न र यसको उत्पादनका लागि किसान नै आवश्यक पर्छ। मार्क्सवादले किसान अधिकार र मुक्तिको बाटो देखाए तापनि किसान साहित्यको विषय ओभेलमा परेको छ। त्यसैले किसान साहित्यका लेखरचना सञ्चार क्षेत्र, कृषि र किसानका सूचनाको प्रवाह प्राथमिकतामा पर्नुपर्दछ। यसप्रकारको कमीलाई पूरा गर्न सबै तहतप्का विशेषतः साहित्यिक फाँटमा नयाँ बहस, छलफल, अनुसन्धानसँगै विशाल साहित्य सृजना गरिनुपर्छ।

## *सन्दर्भ सामग्रीसूची*


मार्क्स, कार्ल (२०६७). *पुँजी.* (खण्ड १.प्रथम नेपाली संस्करण). (अनुवाद युवराज पन्थी). रुपन्देही : प्रभात प्रकाशन प्रालि।

मार्क्स, कार्ल र एङगेल्स, फ्रेडरिक (सन् २०४८). *कम्युनिस्ट पार्टीका घोषणापत्र.* (द्वितीय हिन्दी संस्करण सन् २०१३). नयाँ दिल्ल : पिपुल्स पब्लिशिङ्ग हाउस प्रालि।

तुङ, माओत्से (सन् १९६९). *नयाँ जनवाद.* (प्रथम संस्करण). (अनु. राम आसरे). कानपुर : विचार प्रकाशन।

तुङ, माओत्से (सन् १९७१). *माओत्सेतुङ की संकलित रचनाएं.* पेकिङ : विदेशी प्रकाशन गृह।

डार्बिन, चार्ल्स (सन् १९६४). *जाति, वर्गों का विकास.* (अनु.डा. उमाशंकर श्रीवास्तव). लखनऊ : हिन्दी विभाग, उत्तर प्रदेश।

रेग्मी, भैरवराज (२०७३). *कृषि क्रान्ति, मजदुर आन्दोलन र विश्व व्यापार सङ्गठन.* भरतपुर : सावित्रा रेग्मी।

लेनिन, ब्ला.ई. (सन् १९७४). *सङ्कलित रचनाऐं.* (भाग १–२). (दोस्रो संस्करण). मस्को : प्रगति प्रकाशन।

लेनिन, भ्ला.ई. (सन् १९८०). 'जनवादी क्रान्तिमा सामाजिक जनवादीहरूको दुई कार्यनीति'. *सङ्कलित रचना.* (भाग २). (अनु. राजेन्द्र मास्के). मस्को : प्रगति प्रकाशन।

लेनिन, भ्ला.ई. (सन् १९७४). *राज्य र क्रान्ति.* (दोस्रो नेपाली संस्करण). मस्को : प्रगति प्रकाशन।

लेनिन, भ्ला.ई. (सन् १९६०). 'मार्क्सवाद के तीन स्रोत और तीन सङ्घटक'. *सङ्कलित रचनाहरू.* (भाग १. खण्ड १. हिन्दी अनुवाद). मस्को : जनसाहित्य प्रकाशन गृह।

रेग्मी, भैरवराज (२०७६). 'प्रथम विश्व किसान सम्मेलन सम्पन्न'. किसान सन्देश. (वर्ष– १, अङ्क– १). २०७६ वैशाख–असार. काठमाडौँ : अखिल नेपाल किसान महासङ्घ (अप्फा)।

रेग्मी, भैरवराज (२०८१). 'छ किसान सङ्गठनको मागपत्र'. किसानआवाज. (वर्ष– १, अङ्क– १). २०८१कात्तिक–चैत. काठमाडौँ : अखिल नेपाल किसान महासङ्घ (अप्फा)।